कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७९/०८०
च.नं. :-

## शुभकामना तथा हार्दिक अपिल !

मितिः २०७९/०७/०६

नेपालीहरुको महान पर्व तिहार तथा शुभ दिपावली, नेपाल संवत र छठ पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका एवं सम्पूर्ण कोहलपुर नगरबासी आदरणीय आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दिर्घायुको कामना सहित शुभ दिपावली एवं छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै पर्व मनाउँदा आफ्नो सांस्कृतिक पहिचान कायम राख्दै बढी भडकिलो तथा खर्चालु नबनाउन र मादक पदार्थको सेवन नगरी सुरक्षित तथा मर्यादित तवरले बेलुका ९:०० बजेसम्म मात्र देउसी भैलो संचालन गर्ने व्यवस्था गर्नु गराउनु हुन अनुरोध छ । पटका, आतिसबाजी जस्ता प्रज्वलनशिल पदार्थको ओसारपसार नगर्न र नपटकाउन समेत सम्पूर्ण कोहलपुरबासी नागरिक, समाजसेवी, व्यापारी, उद्योगी, राष्ट्रसेवक, विद्यार्थी, पत्रकार तथा सर्वसाधारण सबैमा जानकारी गराईन्छ । यदी कोही कसैले यो सूचनाको अवज्ञा गरी कानून विपरितको कार्य गरे गराएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ । साथै दिपावलीको समयमा दियो, मैनबत्ति, पालाहरु एवं बिद्युतीय उपकरणहरु प्रयोग गरी दिपावली मनाउँदा आगजनी जस्ता विपदजन्य घटनाहरु घटन सक्ने भएकाले सो तर्फ समेत सचेत रहन नगरबासीहरु सबैमा जानकारीका लागि अनुरोध गरिन्छ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके ।